April 2015

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 3, Vol. 22 www.eurasiareiyukai.com

**जुनसुकै कुरामा कामना गरेर कार्यान्वयन गर्ने बानी बसाल्नु पर्छ ।**

युशुन मासुनागा
संस्थापक अध्यक्ष, यूराशिया रेयूकाई

## रेयूकाई एईको मासुनागा आँखा अस्पतालको नवनिर्मित भवनको समुद्घाटन



नेपाल देशको काभ्रेपलान्चोक जिल्लाको बनेपामा २५ मार्च २०१५ का दिन रेयूकाई एईको मासुनागा आँखा अस्पतालको नव निर्मित भवनको समुद्घाटन १,६५१ जनाको उपस्थितमा भव्य समारोहका बिच यूराशिया रेयूकाई संस्थापक अध्यक्ष श्री युशुन मासुनागाज्यूको करकमलबाट सम्पन्न भयो । संस्थापक अध्यक्षज्यूबाट प्रदान गर्नुभएको अभिबादन मंतव्यको सारंश

१. आँखा अस्पतालको यो भवन निर्माण हुनु भनेको एउटा असल दिव्यज्योतिको स्तुपा निर्माण भयो यस्तो स्तुपाहरु अझ बनाउँदै जानुपर्छ ।
२. मनको धनी ब्यक्तिहरुको पुण्यफलको बलद्वारा यो भवन बन्न सक्यो अझै अझै नेपाली नागरीकहरुले यस्तो मन नबनाईकन हुदैन ।
३. माछा पानीमा बस्छ तर आफू पानीमा छु भन्ने कुरा प्रति कृतज्ञ छैन त्यस्तै हामी हावामा छौ तर हावा प्रति कृतज्ञ छैनौं । कृतज्ञता सिकाउने कार्य यूराशिया रेयूकाईले गर्दै आएको छ ।
४. यूराशिया रेयूकाईले नेपालमा शनिबार र भारतमा आईतबारको दिन नागरीक सरसफाई अभियान संचालन गर्ने मौका पाईरहेका छौं । तर फोहोरको ब्यबस्थापन राम्ररी हुन सकेको छैन ।
५. दोश्रो ब्यक्तिको अस्तित्व छ भन्ने महशुस गरी एक अर्काको नपुग कुरामा सर सहयोग गर्दै जाऔं ।
६. देशको लागी सोच्नै पर्छ युवाहरुलाई देश प्रति सोच्न लगाउ नु पर्छ यस्तो कार्य आफैबाट सुरु नगरीकन हुँदैन ।







## मुमा एईको मासुनागाज्यूबाट सन् १९९१ अक्टोबर १६तारिखका दिन जापानको टोकियोको शाकादेनमा यूराशिया रेयूकाईका लिर्डसहरूलाई दिनुभएको मार्गनिर्देशन।



मलाई जहिले पनि मनमा अलि खड्कीरहने कुरा तपाईहरुलाई भन्न चाहन्छु। हामीले आध्यात्मिक संसारतिर फर्केर पुर्खास्मरणको अभ्यास गर्ने मौका पाइरहेका छौं । तपाईहरुको पुर्खाहरुमा बितेर जानु भएका व्यक्तिहरुमध्ये आमा र बुबा पनि हुनुहुन्छ होला। जीवित भएका आमा-बुबाप्रति सूत्रपाठ गरौं भन्ने भावना कहिल्यै आएको छ ? किनभने अहिले जीवित रहनु भएका आमा-बुबा बितेर जानुभएपछि उहाँहरु आध्यात्मिक संसारमा पुर्खा बन्नुहुन्छ। त्यसकारण बुबा-आमा भनेको जीवित पुर्खाहरु हुन् । जीवित आमा-बुबालाई आत्मा छुने खालको आदर गर्ने एउटा मात्र शब्द प्रयोग गरीयो भने पनि आमा-बुबा कति खुशी हुनुहुन्छ होला ?

बितेर गएका आमा-बुबालाई जतिसुकै पटक सूत्रपाठ गरे तापनि त्यो ढिलो भएन होला त ? बितेर गएका पुर्खालाई सूत्रपाठ एकदम महत्वपूर्ण छ भने जीवित भएको आमा-बुबाप्रति बच्चाहरुले देखाउने भावना अझ महत्वपूर्ण हुन्छ। त्यसकारण बितेर गईसकेपछि रुँदै सूत्रपाठ गर्नुभन्दा जीवित हुँदा नै आमा-बुबालाई खुशी बनाउनु महत्वपूर्ण हो जस्तो मलाई लाग्छ ।

## स्वर्गिय मुमा एई होउ तोकु जेन् न्योज्यूको १६औं पुण्यतिथी स्मरण समारोह सम्पन्न



स्वर्गिय मुमा एई होऊ तोकु जेन् न्योज्यूको १६औं पुण्यतिथी स्मरण समारोह २५ मार्च २०१५ का दिन सम्पूर्ण मिहाता शाखा समाज विकास केन्द्र र देश अनुसारको कार्यालयमा स्मरण कार्य गरी २,९१८ जनाको सहभागीतामा गुण फर्काउने मौका पायौं ।

# खुशीको अनुभव



जुनहोजाशु सुश्री रीना चौधरी
उमेर :२० वर्ष क्षेत्र : सानेपा
ओया एवं शिबुचो : श्रीमती विद्या लक्ष्मी शाक्य
मिहाता शाखा : ११औं शाखा

मेरो नाम रीना चौधरी हो । मेरो मिचिबिकी ओया शिबुचो विद्या लक्ष्मी शाक्य हुनुहुन्छ । म यूराशिया रेयूकाई ११औं शाखामा जुन होजाशु को रुपमा अभ्यास गर्ने महान् मौका पाईरहेकी छु । म यही सानेपा निवासी भएर पनि सानेपा मै यस्तो राम्रो शिक्षा दिने संस्था छ भनेर थाहा थिएन । सन् २०१४ अगष्ट ८ तारीखका दिन यूराशिया रेयूकाई समाज विकास केन्द्र सानेपाद्धारा आयोजीत रक्तदान कार्यक्रममा रक्तदान गर्न आउँदा सबैले आदर पूर्वक नमस्कार भन्दा म निकै प्रभावित भए र सोही दिन यस संस्थाको सदस्य बन्ने मौका पाएँ । मेरो मिचिबिकी ओयाले सबै कुरा भन्नु भएता पनि मैले त्यस बेला रेयूकाई शिक्षा बुझेको थिईन । त्यसपछि हरेक ९ र १८ तारीखमा हुने भेला तथा अन्य भेलाहरुमा निरन्तर सहभागी हुने मौका पाउँदै आईरहेकीछु। सन् २०१४ डिसेम्बर १० तारीखका दिन मेरो मिचिबिकी ओया मार्फत सोकाईम्यो स्थापना गर्ने मौका पाई आफ्नै हातले दैनिक पुर्खा स्मरण गर्ने महान् मौका प्राप्त गरे । हाम्रो सामाजिक परिवेशमा पुरुषले मात्र पुर्खाहरुको श्राद्ध गर्ने चलन छ । मैले रेयूकाई शिक्षाको कारण बिहान बेलुका पानी चढाएर सुत्रपाठ चढाएर आफ्नो असंख्य पुर्खाहरुलाई कृतज्ञता फर्काउने मौका पाईरहेकी छु।

आफ्नो पुर्खाहरुलाई आफ्नै हातले सुत्रपाठ चढाउँदा मन निकै आनन्दित भएको छ। रेयूकाई शिक्षाको कारण मेरो ब्यवहारमा धेरै कुराको परीवर्तन आएको छ जस्तै नमस्कार, धन्यवाद माफ गर्नुहोस शब्दहरुले जीवनमा ठूलो महत्व राख्दो रहेछ । मेरो पुर्खाहरुको आशिर्बादको कारण म मात्र होइन मेरो घरपरिवार सम्पूर्णमा सुख, शान्ति छाएको छ । यूराशिया रेयूकाईबाट संचालित रक्तदान कार्यक्रमहरु नागरीक सरसफाई कार्यक्रममा सक्रिय रुपमा सहभागी हुने मौका पाईरहेकी छु । साथै मासुनागा जापानीज भाषा कक्षामा जापानीज भाषा सिक्ने मौका पाईरहेकी छु। भर्खर यूराशिया रेयूकाईबाट संचालित उद्घोषण तालीममा पनि सहभागी हुने मौका पाएँ । यस्तो महान् शिक्षा संगै समाज बिकासमा पनि योगदान गर्न सकेकोमा म एकदमै गौरवान्वित छु।

यस्तो महान् शिक्षालाई आफुमा मात्र सिमीत नराखि धेरै भन्दा धेरै सदस्यहरुलाई मिचिबिकी गरी सोकाईम्यो स्थापना गरी प्रत्येक घर समाज र देशलाई नै परिवर्तन गर्न आफू जीवनभर यो शिक्षाको अभ्यास गरी रेयूकाई शिक्षा फैलाउँदै जाने प्रतिज्ञा गर्दछु । धन्यवाद , नमस्कार ।

## अन्तर्राष्ट्रिय महिला दिवस

८ मार्च २०१५ का दिन अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा यूराशिया रेयूकाईको सम्पूर्ण मिहाता शाखा र समाज विकास केन्द्रहरु २४ स्थानमा ३,११७ जनाको सहभागीतामा महिला भेला, महिला स्वास्थ्य सम्बन्धि जानकारी महिला अधिकार सम्बन्धि जनचेतना कार्यक्रम,हस्तकला तालिम,लिडर्स अभ्यास,ट्राफिक जनचेतना, बृद्ध महिला सम्मान,महिला टयालेन्ट शो, सम्बन्धि कार्यक्रमहरु आयोजना गरी सम्पन्न भयो ।


११औं शाखा, धोबिधारा


१५औं शाखा, कौशलटार



१६औं शाखा एवं समाज विकास केन्द्र, सानेपा



१७ औं शाखा , सिद्धार्थनगर


२१औं शाखा एवं समाज विकास केन्द्र, सिलिगुडी


२२औं शाखा, बर्दघाट


२५औं शाखा, स्थिरमति पहाड


२८औं शाखा, भद्रपुर


१८औं समुह, कालिम्पोङ्ग



समाज विकास केन्द्र, नारायणगढ


समाज विकास केन्द्र, धरान


सदस्य भेला १३औं शाखा, धनगढी क्षेत्र